११. "कार्यालय प्रमुख" भन्नाले सबैला नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

१२. "शाखा प्रमुख" भन्नाले सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनुषाको सम्बन्धित कृषि वा पशु सेवा शाखाको प्रमुखलाई बुझाउनेछ ।

१३. "बैठक" भन्नाले कृषक समुहको बस्ने बैठकलाई बुझाउनेछ ।

## परिच्छेद २

## कृषक समूह गठनको उद्देश्य :

स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोके बमोजिमका विभिन्न कृषि सम्बन्धी कार्यहरुको सम्पादनका लागि कृषकहरुका माझ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरुको कृषि सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पूँजीको विकास लगायतका कार्यहरु मार्फत कृषिको व्यवसायिकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरुमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेकोछ । यस कार्यविधि बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरु निम्न अनुसार छन :



सबैला नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : १८ मिति : २०८२/०१/१०

भाग–२

## सबैला नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**सबैला, धनुषा**

**मधेश प्रदेश, नेपाल**

## कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२

# कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना** : परम्परागत कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यावसायीकरण मार्फत औद्योगिकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सो को अभ्यास गराउदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहज रुपमा कृषकमाझ पुऱ्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा (२) (१) (ण) (१), (द) (१), (द) (५) बमोजिम कृषक समुह गठन, परिचालन र नियमन गर्न सबैला नगरपालिका, नगरपालिकाको कार्यालयले "कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२" तैयार गरी लागू गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम "कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८२"

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :





१. "समूह" भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका ५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समूहलाई बुझाउनेछ ।

२. "कृषि" भन्नाले सबैला नगरपालिकाले सञ्चालन गरेको कृषि कार्यक्रमलाई बुझाउने छ ।

३. "नगरपालिका" भन्नाले सबैला.नगरपालिका, नगर कार्यपालिकाको कार्यालय धनुषालाई जनाउनेछ ।

५. "शाखा" भन्नाले सबैला नगरपालिका नगर कायपालिकाका कार्यालय धनुषाका कृषि विकास शाखा र पशुपन्छी विकास शाखालाई जनाउनेछ ।

६. "अध्यक्ष" भन्नाले यसै कार्यबिधि बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउनेछ ।

७. "उपाध्यक्ष" भन्नाले यसै कार्यबिधि बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई जनाउनेछ ।

८. "सचिव" भन्नाले यसै कार्यबिधि बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउनेछ ।

९. "सदस्य" भन्नाले यसै कार्यबिधि बमोजिम कृषक समूहको सदस्यलाई बुझाउनेछ ।

१०. "सेवा केन्द्र" भन्नाले सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरुले सम्पर्क गर्ने फिल्डस्तरमा रहेको कृषि वा पशुपन्छी शाखाको इकाई कार्यालयलाई बुझाउनेछ ।

७. **समूह दर्तामा दस्तुर नलाग्ने** : उपरोक्त बमोजिम दर्ता हुन आएको निबेदन उपर कार्यालयले प्राप्त निबेदन उपर आवश्यक प्रक्रिया पूरा गरी समूह दर्ता गर्नुपछ भन्ने लागेमा समूह दर्ता गरी समूह दर्ता प्रमाणपत्र प्रदान गरिनेछ । समुह दर्ता गरी कृषक समूह दर्ता प्रमाण पत्र उपलब्ध गराउने छ ।

यसरी वडा कार्यालयबाट समूह दर्ताको सिफारिस गर्दा वा कार्यालयमा समूह दर्ता गर्दा कुनै दस्तुर लाग्ने छैन ।

८. **समूह दर्ता प्रमाणपत्र** : कार्यालयको निर्णय अनुसार दर्ता गरिने समूहलाई समूह दर्ता प्रमाण पत्र दिईने छ । समूह दर्ता प्रमाणपत्र प्राप्त गरे पछि कार्यालयमा सो को अभिलेखीकरण भएको मानिने छ । समूह दर्ता भए पछि यस्ता समूहहरु नगरपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य गर्नेछन् ।

९. **नि:शुल्क नवीकरण** : समूह गठन र दर्ता उपरान्त प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्रमा समूह नवीकरण गर्नु पर्नेछ । अन्यथा तोकिए बमोजिम जरिवाना लाग्नेछ ।

## परिच्छेद ४

## कृषक समूह परिचालन

१. **मासिक बैठक बस्नु पर्ने** : समूह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ। समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ ।





१. समूह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउदो पशुपालन तथा कृषि वालीनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

२. समूहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छी उत्पादन सामग्रीहरुको व्यवस्थापन गर्ने ।

३. खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्थापन गर्ने ।

४. प्राङ्गरिक उत्पादनमा जोड दिने ।

५. कृषि सामग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने ।

६. कृषि उत्पादन प्रवर्द धन, प्रशोधन र बजारीकरण एव पशु प्रजननका कार्यहरु, पशु आहारा, पशु स्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरणका पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरु गर्ने ।

७. गोठ तथा भकारो सुधार गर्ने ।

८. मौरी पालन तथा च्याउ खेती गर्ने ।

९. बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने ।

१०. नयाँ प्रविधिहरुको परीक्षण गर्ने ।

११. सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने ।

१२. जैविक विविधताको संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।

१३. कृषि, वन, वातावरण संरक्षण सम्वर्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने ।

१४. मासिक बचत संकलन र परिचालन गर्ने ।

१५. समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरु गर्ने ।

## परिच्छेद ३
## कृषक समूह गठन तथा समूह दर्ता

१. **समूहमा कृषक संख्या :** खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरु वा एकै उद्देश्यका लागि कृषि वा पशु पालन गरी आएका वा गर्ने १५ देखि २५ सम्मका कृषकहरु स्वःस्फूर्त रुपमा आफैं वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा एक घरधुरी एक मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्ने छन । तर कुनै विशेष प्रयोजनका लागि १५ जना सदस्य पुऱ्याउन नसकिने अवस्थामा कम्तीमा ५ जना कृषक मात्र भए पनि समूह गठन गर्न सकिनेछ ।

२. **कार्यालयबाट सहजिकरण :** उन्नत कृषि प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन ।





३. **स्टेशनरी सहयोग :** समूह गठन गर्नका लागि कार्यालयले समूह बैठकका लागि रजिष्टर, कलम, फायलहरु लगायत केही स्टेशनरी खर्चका लागि नगरपालिकाको बजेट उपलब्ध भएसम्म सहयोग गर्न सक्नेछ ।

४. **समूह दर्ताको लागि निबेदन दिनु पर्ने :** समूहबाट तयार गरिएको विधानको सबै पानामा समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि १ बमोजिमको निबेदन दिनु पर्नेछ । यस अघि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसस्थाहरुमा दर्ता भएको समूहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगति देखिने अन्य कागजातहरु समेत संलग्न राख्नु पर्नेछ ।

५. **समूहको आृनो विधान र छाप हुनु पर्ने :** समूहको विधानको साथमा समूह बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनूसूचि २ बमोजिमको सदस्य कृषकहरुको विवरण संलग्न राख्नु पर्नेछ । समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्ने छन । उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य अनुकूल परिमार्जन गर्न सकिने छ । समूहको छाप आफ्नै छाप हुनु पर्ने छ ।

६. **सर्व सहमति र सहमति समूह निर्णयको आधार :** समूह गठन गर्दा समूहमा रहने विभिन्न पदाधिकारीहरु सर्वसम्मतबाट चयन हुने छन । कुनै किसिमले सर्वसम्मत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरुबाट पदाधिकारीहरु चयन गरिने छन । यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा नगरपालिकाबाट सहजिकरण हुन सक्नेछ ।

१५. **कृषि सहकारीमा परिणत हुने :** कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारितामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारीमा परिणत हुन सक्नेछ । यस्ता अवस्थामा साविक कृषक समूहले गरेका सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ ।

१६. **अन्यलाई पनि ज्ञान बुझाउनु पर्ने :** समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफूमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ । समूहले कृषि प्राविधिक र अन्य कृषकहरुको वीचमा सहजिकरणको कार्य पनि गर्न सक्नेछन् ।

१७. **समूहमा अन्य सामाजिक विषयहरुको सन्दर्भ :** सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदस्यहरु नेतृत्व विकास, उन्नत खेती प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुची लिनेछन र समूह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन् ।

१८. **टोल विकास संस्थाले कृषक समूह परिचालन गर्न सक्ने :** नगरपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरु नगरपालिकाबाट तोकिए बमोजिम समूह दर्ता गरी कृषक समूहका रुपमा पनि कार्य गर्न सक्नेछन । तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजिकरणमा रहने गरी २५/२५ जनाको समूह गठन हुन सक्नेछ ।





२. **समूह बचत र परिचालन :** बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्ने छन । समूह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन ।

३. **समूहको बैंक खाता सञ्चालन :** नजिकको बैकमा समूहको खाता खोलिने छ जसमा कोषाध्यक्षको अनिवार्य सहित समूहको निर्णय अनुसार कम्तीमा अन्य १ जना सदस्य समेतको संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ ।

४. **बाली पात्रो/कार्ययोजना तयार गर्ने :** समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि आवधिक (मासिक/चौमासिक/बार्षिक) कार्ययोजना तयार गर्ने छन । तयार भएको कार्य योजना अनुसार समूह सदस्यहरुले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्य योजनाहरु अवलम्बन गर्ने छन ।

५. **समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्ने :** समूहमा आइपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निवारण गर्ने छन । समूहमा आइपर्ने अन्य समस्याहरु समूहको निर्णय अनुसार समाधान गरिनु पर्ने छ । सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिनेछ ।

६. **समूहको रेकर्ड :** समूहको एक फायल कृषि सेवा केन्द्रमा रहने छ जसमा समूहको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएका रेकर्डहरु, समूहका बैक खाताका स्टेटमेन्ट आदि रहने छन् । समूहले पनि आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

७. **खेती खर्चको विवरण राख्नुपर्ने :** समूहका प्रत्येक सदस्यहरुले आफूले लगाएको बाली तथा पशुपालन कार्यका उत्पादन, भन्डारण, ढुवानी, बजारीकरण लगायत सबै कार्यहरुका लागत खर्च र विक्रीबाट भएको आम्दानीको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि नगरपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

८. **प्रगति प्रतिबेदन र समीक्षा :** समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, बालीनालीको अवस्था, बालीनालीहरु लगाउँदा भएको खर्च र बाली कटानी उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समीक्षा गर्नु पर्नेछ ।

९. **समूहमा मेलमिलाप हुनुपर्ने :** समूहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्ने छ । यस समूहका बैठकहरुमा समूहका सदस्यहरुको निजी बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपर्युक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सदभाव, सहकार्य, साझेदारिता बृद्धिमा योगदान गर्न सक्ने छन ।

१०. **व्यवसाय दर्ता गर्नु पर्ने :** कृषि कार्यलाई व्यवसायमूलक रुपान्तरणका लागि समूह गठन गरिने भएकोले समूहका सदस्यहरु मिलेर समूहगत रुपमा सञ्चालन गर्ने कृषि व्यवसाय नगरपालिकामा दर्ता गर्नु पर्नेछ । कृषि व्यवसायको मापदण्ड तोकिए बमोजिम हुनेछ ।





११. **कृषि उत्पादन सामग्री तथा कृषि उपज सामग्रीहरुको बजार व्यवस्थापन :** समूहले कृषि उत्पादन सामग्रीहरुको व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई विउ विजन, रासायनिक तथा प्राङ्गरिक मल, सिँचाइका सामग्रीहरु, कृषि मेसीनरी लगायत कृषि उपज सामग्रीहरुको व्यवस्थापन र व्यापारिक कारोबार गर्न सक्ने छन् । त्यसैगरी आफ्नो समुह भित्र वा बाहिरका कृषकहरुले उत्पादन गरेका कृषि उपज सामग्रीहरुको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्ने छन ।

१२. **नगरपालिकाको कार्यक्रममा सरिक हुनुपर्ने :** कृषक समूहले नगरपालिकाबाट सञ्चालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरुलाई सफल पार्न यथाशक्य सहयोग गर्नु पर्नेछ ।

१३. **अन्तर समूह समन्वय समिति :** विभिन्न समूहबाट प्रतिनिधित्व गरी अन्तर समूह समन्वय समितिको गठन गर्न सकिनेछ । समूह पद्धतिलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समूहहरुबाट १/१ प्रतिनिधिहरु रहने गरी वडागत रुपमा अन्तर समूह समन्वय समितिको गठन हुनेछ । यसको कार्यविधि तोके बमोजिम हुनेछ ।

१४. **नगर स्तरीय कृषक मूल समिति :** नगरमा रहेका सबै कृषकहरुको संजालका रुपमा नगर भित्रका सबै कृषक समूहहरुका प्रतिनिधिमूलक संस्थाका रुपमा एक नगरस्तरीय कृषक मूल समितिको गठन गर्न सकिनेछ । यसको सञ्चालन कार्यविधि तोके बमोजिम हुनेछ ।

## अनुसूचि : १
## (कार्यविधिको बुदा नं. ३ (४) बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निबेदन)

मिति : २०८......../......./.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

सबैला नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय धनुषा ।

**विषय : समूह दर्ता गरी पाउँ ।**

समूह गठन गरी सामुहिक प्रक्रियाद्वारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई समूह गठन गरेका छौ । समूह गठन र परिचालन बारेमा सबैला नगरपालिकाको नियमावली/मार्गदर्शन/कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्ने छौ भनी समूह दर्ता गरी पाउँ भनी यस निवेदन पेश गरेका छौं ।

**संलग्न कागजातहरु:**

१. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपि पाना-

२. समूहको विधान पाना-

३. अनुसूचि २ अनुसारको समूह सदस्यहरुको विवरण पाना-

४. अन्य केही भए सो को विवरण:





१९. **समूह बाहेक पनि कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्न सकिने** : नगरपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समूह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैरसरकारी संस्थाहरु, गाँउ तथा टोल समितिहरु, निजी ब्यवसायीहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरुसँग सहकार्यमा सञ्चालन गर्न सकिने छ ।

२०. नगर क्षेत्र भित्र क्रियाशील सहकारी संस्थाहरुले कृषि तथा पशु विकाससँग सम्बन्धी समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्तो समूहलाई यस कार्यबिधि प्रयोजनका लागि यस कार्यबिधि बमोजिम गठित समूह मानिनेछ ।

## परिच्छेद ५
## कृषक समूहको नियमन र पारदर्शिता

१. **बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई :** समूहले वार्षिक रुपमा नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिबेदनको एक प्रति सेवा केन्द्रमा समेत उपलब्ध गराउनु पर्नेछ । बर्षको एक पटक सार्वजनिक सुनुवाइ पनि सञ्चालन गर्नु पर्नेछ ।

२. **वार्षिक साधारण सभा :** समूह गठन भई दर्ता भएको एक बर्ष भित्र र प्रत्येक बर्ष समूहले साधारण सभाको आयोजना गर्नु पर्नेछ। साधारण सभामा बार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, बार्षिक आय ब्ययको विवरण, आउँदो बर्षको कार्यक्रमहरुको

तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्ने छ । यसको एक प्रति प्रतिबेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

३. **अधिवेशन र विशेष अधिवेशन** : समूहको सर्वोच्च अङ्ग समूहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ ।

४. **अन्य संघ संस्थाहरुसँगको समन्वय** : समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन ।

५. **समूहको अनुगमन** : यस नगरपालिकाको अनुगमन व्यवस्था बमोजिम नगरपालिकाबाट एव नगरपालिकासँगका समन्वयमा नेपाल सरकारको सबै निकायहरुल कृषक समूहका क्रियाकलाप एव समूहका कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन । प्राप्त पृष्ठपोषणहरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद ६ विविध

१. **समूह निष्कृयको अवस्था** : लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समुह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कायर्कमहरुका लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छन ।





२. **समूह विघटन हुन सक्ने** : पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दूरुपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरीतका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समूह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ । तर समुहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ ।

३. **संशोधन** : आवश्यकता र औचित्यताको आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

४. **खारेजी** : यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानून बमोजिम बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन । निम्न अवस्थामा समूह निष्कृय गरिनेछ :

लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, कृषि प्रसार कार्यमा अभिरुचि नराखेमा, अन्य विभिन्न कारणहरुले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुका लागि उक्त समूहसंग साझेदारी गर्न सकिने छैन् ।

समूह सदस्यहरुको विवरण:

| क्र. सं. | सदस्यको नाम | समूहमा पद/ जिम्मेवारी | सम्पर्क मोबाइल नं. | ठेगाना: सबैला नगरपालिका | | महिला/ पुरुष) | उमेर बर्ष | खेती गरेको जग्गाको क्षेत्रफल विगाहा) | | | | मौरीघार/ ग्रिन हाउस आदि भए सोको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं | टोल | | | सिंचित | सिँचाइको श्रोत | असिँचित | जम्मा जग्गा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नोट : समूहका सबै सदस्यहरुबाट प्रमाणित गरी पेश गर्नुपर्ने ।

sfo{flnsfsf]lg)f{
ldlt M 2082÷01÷10

आज्ञाले,
**सविर कुमार महतो**
**प्रमुख प्रशासकीय अधिकृत**

**सबैला नगरपालिकाद्वारा प्रकाशित** **मुल्य रु. १०/-**





सम्बन्धित टोल विकास संस्थाको सिफारिस समूहको निबेदन अनुसार निम्न समूहलाई सबैला नगरपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।

सिफारिस गर्नेको नाम: पद:

दस्तखत:

मिति:

छाप :

सम्बन्धित वडा कार्यालयको सिफारिस समूहको निबेदन अनुसार निम्न समूहलाई सबैला नगरपालिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।

सिफारिस गर्नेको नाम: पद:

दस्तखत:

मिति:

छाप

निवेदक :

समूहको नाम :

ठेगाना :

समूह अध्यक्षको नाम :

सम्पर्क फोन नं.:

समूहको छाप :

मिति:

पहिलो पेज : प्रमाणपत्रको अगाडी छापिने

सबैला नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा, धनुषा
मधेश प्रदेश

दर्ता नं.......................... मितिः

**कृषक समूह दर्ता प्रमाण पत्र**

कृषि उत्पादन कार्यलाई टेवा पुऱ्याउने उद्देश्यले मिति.....................मा गठन भएको सबैला नगरपालिका वडा नं. ............. स्थित श्री ................................................................ समूह यस सबैला नगरपालिका, नगर कार्यपालिकाको मिति.................... को निर्णय अनुसार समूह गठन अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र दिईएको छ।

प्रमुख प्रशासकीय अधिकृत

दोस्रो पेज : पछाडि छापिने ।

| समूह नवीकरणको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नवीकरण | | नवीकरण शुल्क | | | | फाँटवाला | प्रमाणित गर्ने |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |





**नोटः**

१. यो प्रमाणपत्र समूहका कार्यालयमा सबैले देखिने गरी राख्नु पर्नेछ।

२. प्रत्येक आ.ब.को समाप्ति पछिको नवीकरण आर्थिक ऐन बमोजिम दस्तुर तिरी गरिनेछ।

३. तोकिएको समय भित्र नवीकरण नगराएमा आर्थिक ऐन बमोजिम जरिवाना लिइ नवीकरण गर्न सकिनेछ।

४. यो प्रमाण पत्र हराएमा समूहको निर्णय अनुसार माँग गरेमा आर्थिक ऐन बमोजिम जरिवाना लिइ प्रतिलिपि उपलब्ध गराउन सकिनेछ।

५. अन्य कुराको हकमा समूहको विधान र प्रचलित ऐन अनुसार हुनेछ।

कृषक समूहका सदस्यहरुको बैयक्तिक विवरण

सबैला नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनुषा

सबैला कृषक समूहको नाम :

समूह गठन मितिः

कृषक समूह स्थित ठेगाना :

सबैला नगरपालिका वडा न. ................ टोल ........................

समूहमा सदस्य संख्या जम्मा :

महिला :

पुरुष :

गठित समूहको किसिम : बहुउद्देश्यीय/एकल उद्देश्यीय ................. ...................... एकल उद्देश्यीय भए :

मासिक बचतप्रति सदस्य प्रति महिना रुः